# आमचोक गाँउपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

वालंखा, भोजपुर

प्रदेश नं १,नेपाल

प.स: २०७७/०७८

च.नः- ३५

आमचोक गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर १ नं प्रदेश

मिति :- २०७७/११/०९

## आ.व. २०७८/०७९ का लागी बेरोजगार व्यक्ति सूचिकरण सम्बन्धि सूचना !

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम सिंहदरबार, काठमाण्डौको मिति २०७७/१०/२५ गते प्रकाशित सूचना अनुसार रोजगारीको हक सम्बन्धि ऐन, २०७५ सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ (पहिलो संशोधन, २०७७ सहित) बमोजिम आगामी आ.व. २०७८/०७९ मा न्युनतम रोजगारीमा आवद्ध हुन चाहने १८ देखी ५९ वर्षको उमेर समुह भित्रका बेरोजगार व्यक्तिले आफू स्थायी बसोवास गरेको सम्बन्धित वडा कार्यालयमा गई मिति २०७७ फाल्गुण मसान्त भित्रमा बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ । निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय वा यस कार्यालयको रोजगार सेवा केन्द्र तथा www.pmep.gov.np बाट निःशुल्क प्राप्त गर्न सकिनेछ ।

साथै प्रधानमन्त्री रोजगार कार्यक्रमको उद्देश्य विपन्न तथा जिवनयापनमा जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायरमा ल्याउन न्युनतम रोजगारीको साथै रोजगारमुलक सेवा प्रदान गरी सहयोग पुऱ्याउने भएकोले सोही बमोजिमका बेरोजगार व्यक्तिहरुले निवेदन दिदा निवेदक र निजका परिवारको सत्य तथ्य र पूर्ण विवरण अनिवार्य रुपमा भर्नुहुन समेत जानकारी गराईन्छ ।

थप जानकारीको लागी सम्बन्धित वडा कार्यलय तथा यस कार्यालयको रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिने छ ।

..........२०७७/११/१५

(याम बहादुर उपरकोटी)

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत